**नेपाल बार एशोसिएशन**
रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np

प.सं.

नेपाल संवत् ११४६मिति: २०८३ बैशाख ३० गते

**केन्द्रीय कार्यसमिति**
(२०८२-२०८५)

**अध्यक्ष**
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

**उपाध्यक्ष**
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

**महासचिव**
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

**कोषाध्यक्ष**
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

**सचिव**
अधिवक्ता बाबुराम अर्याल

**सदस्यहरु**
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी

# प्रेस विज्ञप्ती

संवैधानिक सर्वोच्चता, विधिको शासन, शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्त, मानवअधिकार, लोकतन्त्र, स्वतन्त्र सक्षम एवम् निष्पक्ष न्यायपालिकाको निमित्त यस एशोसिएशनले सदैव पहरेदारी गर्दै आईरहेको तथ्य सर्वबिदितै छ । विकसित घटनाले थप जिम्मेवारी प्रदान गर्दै गइरहेको र फराकिलो ढंगबाट थप भूमिका निर्वाह गर्नुपर्ने गरी परिस्थितिले बाध्य गराईरहेको नेपाल बार एशोसिएशनले महसुस गरेको छ ।

विगत केही दिनदेखि सर्वोच्च अदालतमा रिट निवेदन दर्ताको लागि पेश भएका निवेदन प्रशासनबाट दरपिठ गरी दर्ता गर्न अस्वीकार हुने, सोपश्चात दरपिठ विरुद्ध कानून अनुसार इजलाससमक्ष सम्बन्धीत शाखामा निवेदन सहितको फाइल पेश गरेकोमा सम्मानित सर्वोच्च अदालतको प्रशासनले दर्ता वा दरपिठ दुवै नगरी मौनता साँधी आएको भनी यस एशोसिएशनमा निवेदन दर्ता हुन आएको हुँदा यसका सम्बन्धमा सर्वोच्च अदालत प्रशासनको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छौं ।

जस्तोसुकै अवस्थामा पनि अदालत सदैव खुल्ला र निष्पक्ष रहनुपर्ने जनताको न्यायको मन्दिरमा समेत निवेदन दर्तामै आलटाल गरिन्छ भने अन्यत्रको अवस्था कस्तो होला ! प्रश्न खडा भएको छ । संविधान प्रदत्त अधिकार र न्यायमा अवरोध नहोस भनी अविलम्ब दरपिठ निवेदनउपर निकास दिन एवम् न्याय प्रशासन निष्पक्ष छ भन्ने जनभावना स्थापित गर्न तथा न्यायको प्रवाह निरन्तर रहोस् भनी यस एशोसिएशन सम्बन्धितको ध्यानाकर्षण गराउन चाहन्छ ।

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला
महासचिव